सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री हरीप्रसाद फुयाल

आदेश

मुद्दा नं.- ०७६-FN-०५५८/076-WO-०९४०

मुद्दाः- विविध/परमादेश।

सोमप्रसाद लुईटेल समेत------------------------------------------------------------------१ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालय समेत--------------------------------------------१ विपक्षी

आज पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदनको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री नारायणप्रसाद प्रसाई विद्वान अधिवक्ताहरु श्री सोमप्रसाद लुईटेल, श्री नरेन्द्रप्रसाद खनाल, श्री कृष्णप्रसाद न्यौपाने, श्री सुदिप देवकोटा, श्री शोभा कार्की र श्री लक्ष्मी (नानी) थापा र नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेल, नायव महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डे, सहन्यायाधिवक्ताहरु श्री संजिवराज रेग्मी र श्री लोकनाथ पराजुलीले गर्नुभएको वहस समेत सुनियो। साथै आदेश बमोजिम उपस्थित श्रम तथा रोजगार मन्त्रालयका निमित्त सचिब श्री बाबुराम अधिकारी तथा वैदेशिक रोजगार वोर्डका कार्यकारी निर्देशक राजनप्रसाद श्रेष्ठले व्यक्त गर्नुभएको कुराहरु सुनियो।

प्रस्तुत निवेदनमा यस अदालतको एक न्यायाधिशको इजलासबाट मिति २०७७।१।४ मा वैदेशिक रोजगारीमा रहेका नागरिकहरुलाई WHO को मापदण्ड अनुसरण गर्दै उनीहरुको जीवन, स्वास्थ्य र सुरक्षा समेतलाई दृष्टिगत गरी फिर्ता ल्याउने/उद्धार गर्ने कार्य समेतको लागि अन्तरिम

आदेश जारी भएपछि वैदेशिक रोजगार ऐन, २०६४ र वैदेशिक रोजगार नियमावली, २०६४ को परिधिभित्र पर्ने मजदुरहरुको हकमा नेपाल सरकारबाट मिति २०७७।२।१२ मा "कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजिकरण गर्ने सम्बन्धी आदेश, २०७७" जारी भएको अवस्थामा सो आदेशको दफा ७ को देहाय (ग) मा वैदेशिक रोजगारको लागि श्रम गन्तव्यमा रहेका व्यक्तिहरु मध्ये अन्य स्रोतबाट खर्च नबेहोरीने व्यक्तिको हकमा सो खर्च निजले व्यहोर्नु पर्ने भनी गरेको व्यवस्था वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३२, ३३, ७५ तथा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २६ समेतको विपरित रहेको भन्ने जिकीर लिएको पाइयो।

नेपालको संविधानको धारा ५१ (झ) को (५) मा वैदेशिक रोजगारलाई 'सुरक्षित' बनाउने भन्ने उल्लेख भएको पाइयो। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३३ (१) (ख) मा भएको व्यवस्था अनुसार दफा ३२ बमोजिम स्थापित "वैदेशिक रोजगार कल्याणकारी कोष" को प्रयोग र संचालन सो ऐनको दफा ७५ को प्रयोजनको लागि गर्न सक्ने देखियो। दफा ७५ मा कामदारलाई स्वदेश फिर्ता गर्ने व्यवस्था गर्दै उपदफा (१) मा करार बमोजिम सुविधा नपाएका कामदारलाई ईजाजतपत्रवालाले स्वदेश फिर्ता गर्नुपर्ने, त्यसै गरी उपदफा (२) मा कामदार रहेको मुलुकमा "महामारी" परी कामदार तत्काल फिर्ता गर्नुपर्ने भएमा नेपाल सरकारले कुटनैतिक नियोग वा श्रम सहचारी मार्फत फिर्ता गर्ने भन्ने व्यवस्था रहेको पाइयो।

वैदेशिक रोजगारमा गएका नेपाली नागरिकहरु निजी आर्थिक उपार्जनकोलागि मात्र जाने होइन। आफ्नो कार्य मार्फत उनीहरुले नेपालको अर्थतन्त्रमासमेत महत्वपूर्ण योगदान गर्दछन्। वर्तमान कोभिड-१९ को महामारी सम्बन्धमा नेपाल सरकारले बनाएको "नेपाली नागरिकलाई स्वदेश आउन सहजिकरण गर्ने सम्बन्धी आदेश, २०७७" वैदेशिक रोजगारमा गएका कामदारलाई मात्र नभई विदेशमा रहेका सम्पूर्ण नागरिकलाई आकर्षित हुने देखियो। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३२ बमोजिम स्थापित कोषमा श्रम स्वीकृति लिई गएका व्यक्तिहरुको योगदान रहेको भन्ने सम्बन्धमा कुनै विवाद देखिएन। उक्त कोषको रकम ऐनको दफा ३३, नियमावलीको नियम २६ बमोजिम कोषमार्फत खर्च हुने अवस्था देखियो।

यस परिप्रेक्ष्यमा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका, करारको अवधि नपुगि फर्कनुपर्ने अवस्थामा रहेका तथा गन्तव्य मुलुक वा रोजगार दाताबाट टिकट प्राप्त गर्न नसक्ने

अवस्थामा रहेका व्यक्तिहरु मध्ये पनि रोजगारीको प्रकृति, आयस्रोत समेतका कारण आफ्नो खर्चमा
स्वदेश फर्कन नसक्ने अवस्था भै अलपत्रमा परेका, वैदेशिक रोजगारीमा गएका नागरिकहरुको
हकमा कुटनैतिक नियोग वा श्रम सहचारीबाट उद्वार गर्नुपर्ने अवस्थामा रहेको भनी प्रमाणित भएका
कामदारहरुलाई नेपाल ल्याई गन्तव्य स्थानसम्म पुऱ्याउनु पर्ने दायित्व राज्यको हुंदा रिट निवेदकको
समेत संलग्नतामा सम्बन्धित सरोकारवालाहरुसंग संक्षिप्त परामर्श समेत गरी एक कार्यविधि बनाई
योगदानकर्ताको वैधानिक अपेक्षा र कोषको न्यायपुर्ण प्रयोगबीच सन्तुलन कायम हुने गरी तत्काल
उद्वारको प्रक्रिया सुरु गर्नू।

साथै वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुको हकमा श्रम गन्तव्यको मुलुकले नै कोभिड-१९
को संक्रमणबाट जोगाउन र संक्रमण भइहालेको अवस्थामा निजलाई औषधोउपचार गरी सुरक्षा
प्रदान गर्नुपर्छ। सो गर्दा नागरिक र गैरनागरिक बीच वा भिसाको अवस्था र बसोबासको वैधता
जस्ता कुनैपनि आधारमा भेदभाव गर्न मिल्दैन। यस्तो कुनैपनि कार्य आप्रवासी कामदारहरुको
आधारभूत मानवअधिकार तथा अन्तराष्ट्रिय मानवअधिकार कानुनको विरुद्ध हुन्छ। यस सन्दर्भमा
अन्तराष्ट्रिय श्रम संगठन, विश्व स्वास्थ्य संगठन समेतका मार्गदर्शनहरु र विशेषतः UNITED
NATIONS NETWORK ORGANIZATION को १४ मे २०२० को विज्ञप्ति समेतलाई मध्येनजर गर्दै
वैदेशिक रोजगारमा रहेका नेपाली मजदुरहरुको हित रक्षाको लागि सम्बन्धित सरकारहरुलाई
नेपाली कुटनैतिक नियोग मार्फत पत्राचार गरी नेपाली श्रमिक/कामदारको सुरक्षा गर्नु भनी नेपाल
सरकारको नाममा नेपालको संविधानको धारा १३३ तथा सर्वोच्च अदालत नियमावली २०७४ को
नियम ४९ बमोजिम यो अन्तरिम आदेश जारी गरिदिएको छ। यसै विषय संग संम्बन्धित रिट
निवेदन ०७६-WO-०९६७ साथै राखी नियम अनुसार पेश गर्नुहोला।

न्यायाधीश

न्यायाधीश

ईति सम्वत् २०७७ साल असार १ गते रोज २ शुभम् -------------------------------१